त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
इन्जिनियरिङ्ग अध्ययन संस्थान
INSTITUTE OF ENGINEERING
पुल्चोक क्याम्पस
PULCHOWK CAMPUS

5-521260
5-521611
5-522104
5-522809

पुल्चोक, ललितपुर
Pulchowk, Lalitpur

मिति: २०७५।०८।१०

## बि.ई./बि.आर्क. तहमा रिक्त स्थानमा भर्नाका लागि पुनः आवेदन सम्बन्धि सूचना ।

शैक्षिक वर्ष २०७५/०७६ मा यस क्याम्पसको B.E./B.Arch. तहका केही कार्यक्रमहरुमा निम्न बमोजिम स्थान रिक्त रहन गएकोले ती स्थानहरुमा भर्ना हुन चाहने आवेदकहरुले प्राथमिकता सहितको पुनः आवेदन फाराम भर्न सकिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

- पुनः आवेदन २०७५ मंसिर ११ र १२ गते बिहान ११:०० बजे देखि २:०० बजे सम्म यस क्याम्पसको सूचना प्रविधि केन्द्रमा उपलब्ध फाराम भर्न सकिनेछ ।
- फाराम भर्दा प्रति विषय रु.३००।- का दरले शुल्क लाग्नेछ । कुनै पनि विषयको नियमित (Regular) र पूर्णशुल्किय (Full Fee) दुवै कार्यक्रममा भर्ना हुन आवेदन दिएमा सो लाई दुई विषय मानिनेछ। आवेदकले आफूले राख्ने प्राथमिकता अनुसारको शुल्क पहिले नै बैंकमा दाखिला गर्नु पर्नेछ । उल्लेखित शुल्क सिद्धार्थ बैंक लिमिटेड पाटनढोका शाखामा रहेको यस क्याम्पसको खाता नं. ००९१५०१९२०३ मा जम्मा गरी प्राप्त भएको भौचर लिनु पर्नेछ ।
- **इन्जिनियरिङ्ग अध्ययन संस्थानद्वारा लिइएको प्रवेश परीक्षा २०७५ मा सम्मिलित भई उत्तीर्ण भएकाहरु मध्येबाट निम्न बमोजिम आवेदकहरुले पुनः आवेदन दिन सक्नेछन्** :

  क) यस क्याम्पसमा यस भन्दा पहिलेका भर्ना कार्यक्रमहरुमा फाराम भर्न छुट भएकाहरु ।
  ख) यस क्याम्पसमा यस भन्दा पहिलेका भर्ना कार्यक्रमहरुमा फाराम भरि नाम प्रकाशित नभएकाहरु ।
  ग) कुनै पनि सूचिमा नाम प्रकाशित भइ भर्ना हुन छुट भएकाहरु ।
  **घ) कुनै पनि आङ्गिक क्याम्पसका कुनै पनि कार्यक्रममा भर्ना नभएकाहरु ।**

- **हाल रिक्त सिट संख्या**

| सि.नं. | कार्यक्रम | रिक्त सिट संख्या |
|---|---|---|
| १. | Computer Regular | १ |
| २. | Electronics Regular | १ |
| ३. | Electronics Full Fee (Female Quota) | १ |

- कुनै कार्यक्रमको नियमित (Regular) तर्फको रिक्त रहेको स्थानमा भर्ना सूची प्रकाशन गर्दा सोही कार्यक्रममा पूर्णशुल्किय (Full Fee) तर्फ भर्ना भइसकेका विद्यार्थीको योग्यताक्रम भन्दा कम मात्र योग्यताक्रम भएका आवेदकहरुको आवेदन परेको खण्डमा भर्ना भइसकेका पूर्णशुल्किय तर्फका विद्यार्थीलाई नियमित तर्फ स्थानान्तरण गर्ने गरी पूर्णशुल्किय कार्यक्रमका लागि भर्ना सूची प्रकाशन गरिनेछ र भर्ना सूची अनुसारका आवेदक पूर्णशुल्किय कार्यक्रममा भर्ना भइसकेको खण्डमा मात्र यस अघि भर्ना भइसकेको विद्यार्थीलाई नियमित तर्फ स्थानान्तरण गरिनेछ । **अतःआवेदन फाराममा प्राथमिकताक्रम राख्दा पूर्णशुल्किय कार्यक्रममा पनि राख्न सूचित गरिन्छ ।**
- कुनै कार्यक्रम Female Quota मा सिट खाली रहेको र सो सीटको लागि कुनै महिला उम्मेदवारको आवेदन प्राप्त नभएमा पुरुष आवेदकको नाम प्रकाशित गरि भर्ना प्रक्रिया अघि बढाइनेछ ।
- यसै बिच कारणवश थप स्थानहरु रिक्त रहन गएमा यसै आवेदन बाटै भर्ना गरिनेछ । तसर्थ आफूलाई इच्छा लागेका सबै कार्यक्रमहरुमा प्राथमिकता राख्न सूचित गरिन्छ ।
- उपरोक्त आवेदकहरुले दिएको आवेदनको आधारमा प्रवेश परीक्षाको योग्यताक्रमानुसार सातौं सूची तथा वैकल्पिक सूची प्रकाशन गरिनेछ ।

त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
इन्जिनियरिङ्ग अध्ययन संस्थान
INSTITUTE OF ENGINEERING
पुल्चोक क्याम्पस
PULCHOWK CAMPUS

5-521260
5-521611
5-522104
5-522809

पुल्चोक, ललितपुर
Pulchowk, Lalitpur

- पुनः आवेदनका लागि भर्ना कार्यक्रम निम्नानुसार हुनेछ ।

| भर्ना कार्यक्रम | मिति र समय |
|---|---|
| १) भर्नाका लागि पुनः आवेदन फाराम भर्ने | २०७५ मंसिर ११ र १२ गते विहान ११:०० बजे देखि अपरान्ह २:०० बजेसम्म । |
| २) सातौं सूची प्रकाशन | २०७५ मंसिर १३ गते विहान १०:०० बजे । |
| ३) सातौं सूची उपर दावि विरोध | २०७५ मंसिर १३ गते विहान ११:०० बजे देखि अपरान्ह २:०० बजेसम्म । |
| ४) संशोधित सातौं सूची प्रकाशन | २०७५ मंसिर १३ गते अपरान्ह ५:०० बजे । |
| ५) सातौं सूचीको भर्ना | २०७५ मंसिर १४ गते विहान ११:०० बजे देखि अपरान्ह २:०० बजेसम्म । |
| ६) वैकल्पिक सूचीको भर्ना | २०७५ मंसिर १६ गते विहान १०:०० बजे । |

अध्यक्ष
भर्ना समिति २०७५
पुल्चोक क्याम्पस